टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# मिति २०८२।१२।२२ मा बसेको टीकापुर नगरपालिकाको ६४औं कार्यपालिका बैठकवाट भएका निर्णयहरुको संक्षिप्त विवरण

| | |
|---|---|
| ०१ | टीकापुर नगरपालिका वडा नं.४ मा सर्त सहित अस्थायी क्रसर उधोग सञ्चालन गर्न अनुमति प्रदान गर्ने । |
| ०२ | टीकापुर नगरपालिका द्वारा गठित विधालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्ष अध्ययन समितिको २ महिना म्याद थप गर्ने प्रमुख प्रशासकीय अधिकृत स्तरको निर्णय समर्थन गर्ने । |
| ०३ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ मा भएको व्यवस्था अनुसार करारोपण नगरेको स्वघोषणा गर्ने । |
| ०४ | नयाँ शहर आयोजना तत्काल कार्यान्वयन गर्न नसकिने व्यहोरा सम्बन्धित निकायमा लेखि पठाउने । |
| ०५ | टीकापुर नगरपालिकाका वन संरक्षण समितिसँगको सम्झौताका सर्तहरु संशोधन तथा थप गरि म्याद थप गर्ने । |
| ०६ | दलित सशक्तिकरण तथा रैथाने कला सँस्कृति संरक्षण शिर्षकको वजेट गठित समितिवाट निर्णय भई आए वमोजिम वाँडफाड गरि कार्यान्वयन गर्न अनुमति दिने । |
| ०७ | शिक्षा नियमावली, २०५९ को अनुसुचि-३ अनुसारका पूर्वाधार पुरा गरेका टीकापुर नगरपालिका क्षेत्रका ९ विधालयलाई कक्षा थपको अनुमति दिने । |
| ०८ | टीकापुर नगरपालिकाको फोहरमैला प्रशोधन तथा व्यवस्थापन केन्द्रको IEE गराउने कार्य अगाडी वढाउने । |
| ०९ | यस वर्ष सडकवोर्ड नेपालको वजेट वाट टीकापुर नगरपालिका वडा नं.१ विष्ट आयल स्टोर देखि पशुहाट वजार हुदै जानकी-७ मोतिनगरको सिमाना सम्मको वाटो र टीकापुर वस पार्क देखि पार्क रोडको वाटो मर्मत गर्न छनौट गर्ने । |
| १० | यस पुर्वको कार्यपालिका वैठकले योजनाको म्यादथप सम्बन्धमा गरेको निरणयानुसार गर्ने। |
| ११ | आगामी नगरसभावाट अनुमोदन तथा समर्थन हुने गरि योजना कार्यान्वयनमा कानूनी समस्या उत्पन्न भएका योजना संशोधनका लागि पेश हुन आएका योजना संशोधन गर्ने । |
| १२ | दलित समुदायका युवायुवतिहरुलाई सिप विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन सम्बन्धमा अध्ययन गर्न गठित समितिले पेश गरे अनुरुप सिप विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन गर्ने । |
| १३ | चालु आ.व.को लागि वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत टीकापुर-७ स्थित श्री पदमप्रकाशेश्वर मन्दिर र टीकापुर-१ स्थित श्री कैलालेश्वर शिव मन्दिरलाई रकम वाँडफाँड गर्ने । |
| १४ | टीकापुर नगरापलिका क्षेत्रका सडकका सानासाना खाल्डाखुल्डी मर्मत गर्ने प्रयोजनका लागि ग्राभेल संकलन गर्ने । |
| १५ | यस कार्यालय सँग सम्बन्धित अदालति कामका लागि कानुन अधिकृतलाई अख्तियारी दिने । |
| १६ | यस नगरपालिकाको कार्य सम्पादन मुल्याङ्कन नतिजाका आधारमा दीगो सुधार कार्ययोजना स्वीकृत गर्ने । |
| १७ | यस नगरपालिकाका विषयगत समितिहरुवाट प्राप्त प्रतिवेदन स्वीकृत गर्ने । |
| १८ | यस नगरपालिकाको व्यवस्थापन परिक्षण प्रतिवेदन स्वीकृत गर्ने । |

०८२/१२/२२
सूचना अधिकारी

CamScanner

| | |
|---|---|
| १९ | तराई मधेश सम्वृद्धि कार्यक्रम अन्तरगत टीकापुर-१ घण्टाघर देखि वडा कार्यालय हुदै एयरपोर्ट सम्मको बाटो र टीकापुर-७ ज.मा.वि.सुनाहाफाटा देखि डल्फिन क्षेत्र हुदै ढुङ्गाना टोलको बाटो छनौट गर्ने। |
| २० | यस नगरपालिकाका प्रत्येक वडामा कृषि हाटवजार स्थापना गर्न पूर्वाधार निर्माण तथा एकपालिका एक चिस्यान केन्द्र स्थापनाका लागि संघीय सरकारलाई अनुरोध गर्ने । |
| २१ | टीकापुर नगरपालिकाको स्वास्थ्य तथा सरसफाई नियमावलि, २०७८ को नियम ३७ को प्रावधान अनुसार स्वास्थ्य संस्थाहरुको ईजाजतपत्र दिने । |
| २२ | टीकापुर नगरपालिकाको शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्र संचालन तथा सामाग्री आवश्यकतानुसार व्यवस्थापन गर्ने । |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

सूचना अधिकारी

सूचना अधिकारी